# भाषाशिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिता : न्यारेटिभ विश्लेषण

शक्तिराज नेपाल
महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय
Correspondence: snepal758@gmail.com

**Article info:**
Received: February 12, 2024
Revised: March 9, 2024
Accepted: March 21, 2024

***सूचक शब्द:***
*जीवन्त कहानी, न्यारेटिभ खोज, पेसागत विकास, प्रभावकारिता, भाषाशिक्षक*

***लेखसार:*** यस लेखमा मैले भाषाशिक्षककै जीवन्त कथा तथा स्मरणको विश्लेषणका आधारमा भाषाशिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिताको विश्लेषण गरेको छु । भाषाशिक्षकको पेसागत विकासका लागि गरिएका कार्यक्रमहरूको प्रभावकारितासम्बन्धी भाषाशिक्षककै जीवन्त अनुभवको खोज तथा विश्लेषण गर्नु नै यस अध्ययनको उद्देश्य राखेको छु। नेपाल सरकारले विभिन्न चरणमा शिक्षकको पेसागत आधारभूत तथा पुनर्ताजगी तालिम, गोष्ठी, कार्यशालालगायत विभिन्न कार्यक्रमहरू विशिष्टीकृत गरेर तालिम प्रदान गरेको छ । उक्त कार्यक्रमसँग सम्बन्धित शिक्षककै अनुभवको विश्लेषण गर्न उत्तरआधुनिकतावादी दार्शनिक आधार तथा गुणात्मक अध्ययन पद्धतिअन्तर्गत न्यारेटिभ खोजको ढाँचालाई अपनाएको छु। गहन अन्तरवार्तामार्फत् सामुदायिक विद्यालयको प्राथमिक तहका दुईजना नेपाली भाषाशिक्षकको जीवन्त कहानीलाई सङ्कलन गरेको छु भने उक्त कहानीलाई लिखतमा उतारेपछि कोडिङ् तथा थिमेटिक विश्लेषण गरेको छु। शिक्षकका जीवन्त अनुभवलाई पेसागत विकासका तालिमको प्रभावकारिताको वर्तमान अवस्था, कक्षाकोठामा देखिएको प्रभाव, चुनौती तथा समाधानार्थ प्रयास जस्ता कुरालाई मुख्य रूपमा थिमेटिक आधार बनाई विश्लेषण गरेको छु । उक्त विश्लेषणअनुसार भाषाशिक्षकले तालिम लिएपश्चात् शिक्षणमा कहीँ न कहीँ प्रभाव परेको, विद्यार्थीको विविधतालाई सम्बोधन गर्ने चुनौती देखिएको, कक्षाकोठामा देखिएको बहुभाषिकताका कारण कक्षाकोठा व्यवस्थापनमा सुधार गर्न नसकिएको, शिक्षकलाई अझै उत्प्रेरणा र वृत्ति विकासका कार्यक्रम निरन्तर प्रदान गरिराख्नुपर्ने जस्ता प्रतिक्रिया पाएको छु। प्रस्तुत अध्ययनबाट शिक्षकको विकासका लागि प्रदान गरिने कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गर्न तथा उक्त मूल्याङ्कनबाट शिक्षकको विकासका थप कार्यक्रमको तय गर्न एवम् योजनालाई हेरफेर गर्न पनि सहयोग पुग्ने भएकाले यस लेखको उपयोगिता रहेको देखिन्छ ।

## विषय परिचय

म पूर्वी नेपालको दुर्गम जिल्ला भोजपुरमा जन्मिएको थिएँ। मेरो पारिवारिक पृष्ठभूमि नै शिक्षण पेसाको थियो । म सानै हुँदादेखि मलाई शिक्षक बन्ने रुचि जाग्थ्यो । मैले आफ्नो विद्यालयमा औपचारिक शिक्षा लिन थालेँ । मेरो शिक्षक बन्ने रुचि झन् बढ्न थाल्यो । शिक्षकहरू जब कक्षाकोठामा प्रवेश गर्थे तब मलाई पनि कक्षाअगाडि गएर केही बोलौँ बोलौँ, भनौँ भनौँ वा केही गरौँ गरौँ लागिजान्थ्यो । मैले विद्यालयको शिक्षा पूरा गरेपछि उच्च शिक्षाका लागि धरान गएँ। धरानमा पनि हरेक प्राध्यापकको शिक्षण कला देख्दा आफ्नो शिक्षण बन्ने रुचि झन् झन् उत्साहित भइरहेको थियो । त्यसपछि म विश्वविद्यालयको शिक्षाका लागि धनकुटा क्याम्पस गएँ । त्यहाँका नेपाली विषयका प्राध्यापकको शिक्षण कला, तरिका, विद्यार्थीमैत्री भाषा, कक्षाकोठाको सक्रियता सबै देख्दा म आफ्नो रुचिप्रति झन् झन् लालायित बन्दै गएँ । आफ्नो विश्वविद्यालयको पढाइ नसकिकन मैले सरकारी विद्यालयमा निजी दरबन्दीमा काम गर्न थालेँ। देशको विभिन्न राजनैतिक, सामाजिक आदि परिवर्तनको प्रभाव मेरो पढाइ तथा वृत्ति विकासमा पनि पर्‍यो ।  विश्वविद्यालय शिक्षाको केही समय महेन्द्ररत्न क्याम्पस, ताहाचलमा पनि प्रवेश गरेँ । उक्त क्याम्पसका प्राध्यापकको अनुसन्धानात्मक मोडेलको शिक्षण सिकाइ गतिविधिले मलाई शिक्षण पेसातर्फ नै डोर्‍यायो । त्यसपछि आफ्नो स्नातकोत्तर डिग्री हासिल गर्न केन्द्रीय विभाग तर्फ लागेँ । केन्द्रीय शिक्षा विभागका प्राध्यापक तथा विज्ञको कक्षाले मलाई ज्ञान, सिप तथा सूचनाका लागि धेरै हौस्यायो । स्नातकोत्तरमा सर्वोत्तम अङ्क ल्याई उत्तीर्ण गरेपछि एउटा निजी कलेजमा पठनपाठन गर्न थालेँ । उक्त समयसम्म मैले शिक्षण सिकाइ गतिविधिको अनुभव बटुलिरहेको थिएँ । मैले निजी विद्यालयमा शिक्षण गरेँ, निजी कलेजमा शिक्षण गरेँ तर मेरो रुचिलाई

कहिल्यै मर्न दिइनँ । आफ्नो शिक्षण विधि, तरिका, शैली तथा सूचनालाई अद्यावधिक गरिरहेँ । एउटा शिक्षकले आफूलाई दक्ष बनाउनका लागि भाषिक पद्धति, कक्षाकोठाका उपकरण तथा विषयवस्तुमा अद्यावधिक हुनैपर्दछ (हार्मर, सन् २००८) भन्ने कुरालाई आत्मसात गरिरहेँ । त्यसैक्रममा आफ्नो शिक्षण प्रक्रियामा सूचना प्रविधिलाई पनि प्रयोग गर्न थालेँ । आफ्नो वृत्ति तथा क्षमता विकासका लागि आफूले पनि प्रयास गरिरहनु पर्दछ भन्ने मान्यताबाट प्रभावित भएँ । शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग गर्नु भनेको शिक्षकको शिक्षण प्रक्रियालाई परम्परागत शिक्षण प्रणालीबाट आधुनिक प्रणालीमा ल्याउनु हो (रावल, सन् २०१४) भन्ने आशयलाई मूलमन्त्र ठानेँ । त्यसैले पनि आफ्नो पेसागत विकासका लागि आफ्नो जागरण पनि महत्त्वपूर्ण हो भन्ने कुरा बुझेँ ।

नेपाली भाषा शिक्षणका सन्दर्भमा कुरा गर्दा नेपाली विषय शिक्षकहरू व्यावसायिक बन्नुपर्छ । विषयगत दक्षतालाई आधुनिकतासँग जोडी कक्षाकोठामा जोड्नका लागि शिक्षक आफूले पनि व्यावसायिक विकासको चासो दिइरहनुपर्छ भन्ने सोचेँ । त्यसैगरी शिक्षकलाई तालिम लिने र दिने कार्यक्रममा आफैँ संलग्न भएँ । शिक्षकहरूलाई पेसागत विकासका लागि तालिम दिने जिम्मेवारीसहितको शिक्षक तालिम कार्यक्रममा सहभागी बनेँ । त्यस कार्यक्रममा सरिक भएपछि मात्रै शिक्षकको पेसागत विकास गर्ने विभिन्न प्रक्रियाका बारेमा औपचारिक रूपमा थाहा पाएँ । अनि रिचार्डस् र फरेल (सन् २००५) ले प्रस्तुत गरेका शिक्षक तालिम, विभिन्न कार्यशालाहरू, अनुगमन तथा मूल्याङ्कन, विभिन्न सहयोगी समूह तथा सञ्जालहरू, शिक्षण क्रियाकलाप, जर्नल तथा सहपाठी अवलोकन, शिक्षण पोर्टफोलियो, आलोचनात्मक प्रसङ्गको विश्लेषण, घटना अध्ययन तथा विश्लेषण, सहपाठी शिक्षण तथा सिकाइ, सामूहिक शिक्षण तथा कार्यगत अनुसन्धान आदि मान्यतालाई अङ्गीकार गर्न थालेँ । उक्त मान्यतालाई केन्द्रमा राख्दै आफ्नो पेसागत विकासलाई सङ्घर्षका रूपमा जोड दिइ रहेँ । त्यस क्रममा विभिन्न पुस्तक लेखेँ, अनुसन्धान गर्न सिकेँ, तालिम कार्यक्रम बनाउन र सञ्चालन गर्न, अरुलाई सोध्न र देशी तथा विदेशी सामग्री हेर्न जानेँ । विस्तारै आफ्नो शिक्षण शैलीमा परिवर्तन गर्दै जान थालेँ । अनि यी क्रियाकलापसँगै सूचना प्रविधिको प्रयोगविना शिक्षकको पेसागत विकास तथा दिइएका कुनै पनि क्रियाकलापले पूर्णता पाउन सक्दैनन् भन्ने कुरालाई बोध गरी आफ्नो शिक्षणमा सूचना प्रविधिलाई सँगसँगै लैजाने सोचेँ । रिचार्डस् र फरेल (सन् २००५) ले भने जस्तो शिक्षकहरूका बिचमा आफूमा भएका ज्ञान तथा सूचनालाई एकापसमा आदानप्रदान गर्न सहयोग गरी सूचना प्रविधिले शिक्षण सिकाइ क्रियाकलापलाई नै नयाँपन दिन्छ भन्ने कुरालाई आत्मसात् गरेँ ।

यसैक्रममा एमफिलको अध्ययनमा जुटेँ । एमफिलमा वरिष्ठ प्राध्यापक तथा विज्ञको प्राज्ञिक व्यवहार र प्रस्तुतिले मेरो शिक्षण पेसाको ढोकालाई झन् फराकिलो बनाइदियो । शिक्षकको पेसागत विकासका मूल विषय नै तालिम तथा कार्यशालाहरू हुन् भन्ने कुराको बोध गरेँ । अझ म जस्तो सिकारु भाषाशिक्षकलाई आफ्नो पेसाप्रति प्रतिबद्ध र अद्यावधिक बनाउने प्रक्रिया नै शिक्षकको पेसागत विकास हो भन्ने ठानेँ । तथा शिक्षणलाई नवप्रवर्तित बनाउन सक्ने, सिर्जनशील बनाउन सक्ने, क्रियाशील बनाउन सक्ने, बहुआयामिक र व्यवस्थित बनाउन सक्ने भाषाशिक्षकको दक्षतापरक विषय नै शिक्षकको पेसागत विषयका रूपमा चिनिन्छ भन्ने कार्यमा प्रयास गर्न थालेँ । कक्षामा विद्यार्थीले दिएका सकारात्मक तथा नकारात्मक प्रतिक्रियाले म आफैँलाई आकार दिए । विद्यार्थीका सकारात्मक पृष्ठपोषणलाई सबलीकरण गर्दै र नकारात्मक पक्षमा सुधार र अद्यावधिक गर्दै आफूलाई स्वकेन्द्रित सिकारुका रूपमा अगाडि बढाएँ । साथै, भाषाशिक्षकलाई भाषाका सिपको शिक्षणमा परिणाममुखी, कटिबद्ध तथा कर्तव्यनिष्ठ बनाउने व्यावसायिक प्रक्रिया पनि शिक्षकको पेसागत विकासको कार्यक्रम हो भन्ने योजना नै बनाएँ । त्यसैगरी एउटा नवप्रवेशी शिक्षकलाई अनुभव र ज्ञानले परिपक्व वा अनुभवी बनाउने पेसागत प्रक्रियाको अभ्यास पनि शिक्षकको पेसागत विकासको कार्यक्रम हो भन्ने मार्गलाई प्रस्ट बनाएँ ।

भाषाका सिपको बहुआयामिक ढङ्गले विकास गर्ने मुख्य उन्नयनकर्ता नै शिक्षक हुन् भन्ने ठानी आफ्नो कक्षाकोठामा सिकाइलाई कसरी स्थानान्तरण गर्ने भन्नेमा जुटेँ । आफूले जानेर मात्र हुन्न विद्यार्थीलाई सिकाउन सक्नुपर्छ भन्ने कुराबाट प्रभावित भएँ । त्यसैले शिक्षकलाई कक्षाकोठामा आइपर्ने समस्याको व्यावहारिक रूपले समाधान गर्ने तथा कक्षाको अपेक्षाको पहिचान गर्न सक्ने शैली, अनुभव तथा तरिकाको विकास गर्ने (बर्लिनर, सन् १९८७) तथा क्षमताको स्रोतका रूपमा शिक्षकको पेसागत विकासलाई अपनाइन्छ भन्ने मान्यतामा अडिग रहेँ । यसै सन्दर्भमा रिचार्डस् र फरेल (सन्, २००५, पृ.१) ले 'शिक्षकहरूको औपचारिक प्रशिक्षण अवधि सकिएपछि व्यावसायिक विकासको चरण आउँछ' भनी जोड दिएका कुरालाई आफूले पनि जोड गरेँ । यसको मतलव शिक्षकलाई व्यावसायिक बनाउने प्रक्रियाका रूपमा शिक्षक तालिम जस्ता विषयलाई प्राथमिकतामा राखेँ । क्राफ्ट (सन् १९९६, पृ. ६) ले 'कहिलेकाहीँ ज्ञान वा सिपमा अगाडि बढिरहेका शिक्षकहरूलाई वर्णन गर्न शिक्षकको व्यावसायिक विकासलाई प्रयोग गरिन्छ' भनेका छन् । उक्त कुराले शिक्षकको मूल्याङ्कनलाई पनि देखाएकाले आफ्नो मूल्याङ्कनमा पनि सचेत रहन थालेँ । त्यसैगरी, भिक्टोरिया (बर्न, सन् १९९९, पृ. २१६) ले शिक्षकको व्यावसायिक विकास वा वृद्धि भनेको शिक्षकहरूलाई कक्षाकोठाका अभ्यासको बारेमा आफ्नै विचारहरू उत्पन्न गर्न र समस्या समाधान गर्न सक्षम पार्नु हो'भनी चर्चा गरेकाले आफ्ना गतिविधिलाई आफैँ पनि मेन्टरिङ् साँचले हेर्न थालेँ ।

शिक्षकलाई दुई तरिकाले व्याख्या गर्नु उपयुक्त हुन्छ : पहिलो, शिक्षकहरू शैक्षिक सुधारका उद्देश्य वा साध्य हुन् । यसको मतलब उनीहरूको व्यावसायिक विकासलाई विचार गर्नुपर्छ । उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्न मद्दत गर्ने गतिविधिहरूमा उनीहरूलाई ल्याउनुपर्छ । दोस्रो, तिनीहरू शैक्षिक सुधारका वस्तुपरक साधन हुन् । यसको मतलब तिनीहरूको संलग्नताद्वारा आफ्नो कक्षाकोठामा विशेषगरी शिक्षामा परिवर्तन ल्याउन जिम्मेवार हुनसकिन्छ भन्ने मान्यतालाई अङ्गीकार गर्दै अघि बढैं । जसरी भए पनि शिक्षणको परिपाटीमा परिवर्तन गर्नुपर्छ भन्दै यसका लागि आफ्नो शिक्षण पेसाको जिम्मेवारीका रूपमा रहेको परिवर्तनमा एजेन्टको भूमिकाका रूपमा कार्यक्रम बनाउन थालैं । यसको मतलव शिक्षकहरू शैक्षिक पेसेवर हुन् र उनीहरूले शिक्षाको परिवर्तनमा एजेन्टको भूमिका खेल्ने आसा गरिन्छ । पेसागत विकास कार्यक्रम शिक्षकको संस्थागत तथा आफनो पेसागत लक्ष्यबाट निर्देशित लगावमा आधारित हुन्छ (रिचार्डस् र फरेल, सन् २०१०) । शिक्षकको मूल्याङ्कन गर्ने विविध अभ्यासहरू छन् यद्यपि शिक्षक स्वयंको विकास गर्ने तथा संस्थाको नतिजासँग जोडेर हेर्ने दृष्टिकोणलाई पनि शिक्षकको पेसागत विकासको महत्त्वपूर्ण विषयका रूपमा हेरिन्छ ।

आफ्नो अनुभवलाई खार्दै जाँदा शिक्षकको पेसागत विकासले शिक्षकको विकास तथा शिक्षक सिकाइका कुरालाई समेट्दछ भन्ने कुरालाई बोध गरैं । गुणस्तरीय शिक्षाका बारेमा नीति निर्माण गर्दा प्रस्ट रूपले प्रभाव पार्ने तत्वका रूपमा शिक्षकको पेसागत विकासको विषयलाई लिइन्छ । आजभोलिको नवीन मान्यतामा आधारित शैक्षिक नीति निर्माण र कार्यान्वयन गर्नका लागि शिक्षकको पेसागत विकासका बारेमा चर्चा, बहस र कार्यशाला गरिनु आवश्यक ठानिन्छ भन्ने विषयलाई जोड दिएँ । हाल आफैं अनुसन्धानरत छु । शिक्षण पेसामा छु । आफूलाई धेरै कुरामा अद्यावधिक हुनुपरेको छ । आफूले लिएका र दिएका तालिमले अहिलेको आवश्यकतालाई पूरा गर्न सकेका छैनन् ।

त्यसैले शिक्षकको पेसागत विकासका लागि प्रदान गरिएका कार्यक्रमको प्रभावकारिता हेर्नुपर्छ भन्ने कुराको निष्कर्षमा पुगैं । हरेक शिक्षकले तालिम, कार्यशाला, तथा विभिन्न कार्यक्रम पाइरहेका त छन् तर त्यसको प्रभावकारिताको पक्ष एकदमै अध्ययनीय विषय भएकाले यस लेखमा उक्त रिक्ततालाई पूरा गर्न उद्देश्य राखी अध्ययन गरेको छु । यस अध्ययनमा प्रस्तुत गरिएका तथ्याङ्कहरू सामुदायिक विद्यालयमा लामो समयसम्म शिक्षण गरिरहेका शिक्षकबाट सङ्कलन गरेको छु । उक्त तथ्याङ्क पनि शिक्षकको पेसागत विकासका लागि दिइएका कार्यक्रमको प्रभावकारितामा केन्द्रित छन् । शिक्षकको पेसागत कार्यक्रमको वर्तमान अवस्था, वर्तमान अभ्यास, कार्यक्रमको प्रभाव, समस्या, चुनौती तथा अपेक्षालाई प्रभावकारिताको विश्लेषण गर्ने आधार बनाएको छु ।

सहभागीका अनुभूति, दृष्टिकोण, सोचाइ, मत तथा अन्य विचारलाई विश्लेषण गर्नका लागि व्याख्यात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा पनि प्रयोगमा छन् तथा शिक्षक स्वयम्को अनुभूतिलाई नै तथ्याङ्क बनाएर अध्ययन विश्लेषण गर्नका लागि न्यारेटिभ खोजले नै बढी सहयोग गर्दछ भन्ने कुरामा म विश्वस्त छु । व्यक्तिगत अनुभवका आधारमा शिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिता मापन गर्न न्यारेटिभ खोज नै उपयुक्त विधि बनेको छ (हाएडन र रियट, सन् २०१७, पृ. ८५) । आफ्नै लामो समयको अनुभवले आफूभित्रको अन्तर्ज्ञानलाई नै तथ्याङ्क बनाएर अध्ययन गर्दा न्यारेटिभ खोज अध्ययन ढाँचा यस सन्दर्भमा उपयुक्त ढाँचा बनेको छ (जोसेल्सन, सन् २०१८) । उत्तरआधुनिकतावादको विविधतामय तथ्याङ्कको अध्ययन गर्ने मान्यताका बावजुद यस अध्ययनमा पनि शिक्षक स्वयंका कथा, स्मरण, अतीतका अनुभतिलाई तथ्याङ्कको स्रोत बनाउनु बढी मौलिक तथा यथार्थ अनुसन्धान हुने ठानेको छु । यस अध्ययनमा न्यारेटिभ खोजमा शिक्षकका सुख, दुःख, आलोचना, सिर्जना तथा विरह पनि तथ्याङ्क बनाई शिक्षकको पेसागत विकासका कार्यक्रमको वास्तविक प्रभावकारितालाई खोतल्नका लागि मैले यस अध्ययनमा सहभागीसँगै बसेर लामो अन्तरङ्ग कुराकानी गरिसकेपछि शिक्षकका कहानीलाई उतार गरेको छु । तसर्थ यस अध्ययनमा भाषाशिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारितामा कस्तो, कसरी, किन तथा बाध्यता जस्ता पक्षलाई पनि अध्ययनको विषय बनाएको छु ।

यस अध्ययनको मुख्य उद्देश्य भनेको भाषाशिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिताको अध्ययन गर्नु हो । शिक्षककै विगतको कहानीका आधारमा शिक्षकको पेसाप्रति उनीहरूकै धारणा, प्रयास, प्रभाव तथा कक्षाकोठामा उनीहरूले भोगेका समस्या तथा चुनौती र आजभोलि भाषाशिक्षकलाई देखिएको मुद्दाका बारेमा चर्चा गर्नु पनि अध्ययनको उद्देश्यका रूपमा मैले लिएको छु ।

अनुसन्धानका क्षेत्रमा अब सहभागीको सिर्जनात्मकता, फरकपना, अनुभूति तथा विचार र स्मरणलाई पनि अध्ययन गर्नुपर्छ र अध्ययनमा मौलिकता ल्याउनुपर्छ भन्ने मान्यतामा न्यारेटिभ खोज आधारित छ । गुणात्मक अनुसन्धानका क्षेत्रमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्नका लागि न्यारेटिभ खोजका विधिहरू अत्यन्तै प्रभावकारी विधि बन्दै गएका छन् (कोहेन र अन्य, सन् २०१८, पृ. ६६४) । तथ्याङ्क तथा मुद्दाप्रति सहभागीको बहुआयामिक दृष्टिकोण तथा जीवन्त अनुभवका आधारमा अर्थ सिर्जना गर्नका लागि पनि न्यारेटिभ खोज विधिको आवश्यकता पर्दछ । यसको मतलव सहभागीको लामो अनुभवलाई पनि तथ्याङ्कको स्रोत मानी अनुसन्धेय मुद्दाको विश्लेषण गर्नु सत्यको विविधता खोज्नु हो (ब्रुनर, सन् १९८६,

पृ.पृ. २४-२९) । न्यारेटिभ खोजका आधारमा भाषाशिक्षकका दृष्टिकोण तथा विचार र अनुभूतिको अध्ययन गर्न सकिएमा अध्ययनमा गहनता आउन सक्छ भन्ने यस अध्ययनको यथार्थसम्बन्धी दृष्टिकोण हो । यस अध्ययनको सान्दर्भिकता भनेको नै भाषाशिक्षकका लागि प्रदान गरिएका तालिमलगायतका कार्यक्रमको प्रभावकारिता जाच्नुमा छ । साथै, न्यारेटिभ खोजका आधारमा अनुसन्धानलाई मौलिक बनाउन सकिने भएकाले पनि यस लेखको औचित्य रहेको छ । भाषाको कक्षाकोठामा कस्ता कस्ता मुद्दा देखापर्दा रहेछन् भन्ने पत्ता लाउनका लागि पनि यस अध्ययनको औचित्य रहेको छ । विद्यालय तथा विश्वविद्यालयको समग्र गुणस्तर सुधार्ने प्रभावक तत्त्वका रूपमा अध्ययन गर्नका लागि न्यारेटिभ खोजका आधारमा शिक्षककै अनुभवलाई केन्द्रमा राखी सम्बद्ध पक्षलाई सुझाव दिनु नै यस लेखको मान्यता रहेको छ ।

**अनुसन्धानात्मक तथा दार्शनिक आयामको अवधारणा**

मेरो अवधारणामा भएअनुसार अनुसन्धानात्मक दर्शनको चलनचल्तीमा रहेका सकारात्मकवाद र वर्णनात्मकवादको प्रयोगमध्ये वर्णनात्मकवादलाई विषयगत विश्लेषण गर्ने ढाँचाका लागि प्रयोग गरिन्छ । सकारात्मकवाद (Positivist) ले के वा कस्तो भन्ने प्रश्नको उत्तर दिनलाई मात्र मार्गदर्शन गर्दछ । वर्णनात्मकवाद (Interpretivist) ले त अनुसन्धातालाई सहभागीका अनुभूति, विचार, धारणा, दृष्टिकोण, अभिमत तथा सम्झनासँगै सहभागी गराउँछ र त्यसरी आउने कुरा वा स्मरणको विषयपरक ढङ्गले मार्गदर्शन गर्नलाई जोड गर्दछ । आलोचनात्मक (Criticalist) दार्शनिक आधारले विषयलाई किन र कसरी भन्ने प्रश्न गर्न मार्गदर्शन गर्दछ । यसले सन्दर्भपरक सत्यलाई बढी प्रस्तुत गर्दछ । उक्त सन्दर्भपरक सत्य पनि राजनीतिक, सामाजिक तथा सांस्कृतिक विषयबाट प्रभावित हुन्छ । यसै परिप्रेक्ष्यमा उत्तरआधुनिकतावाद (Postmodernist) दार्शनिक आधारले ती सबै मान्यतालाई चुनौती दिँदै व्यापक समाख्यान (Grand narratives) को अवस्था सिर्जना गर्दछ (कोहेन र अन्य, सन् २०१८, पृ. २४) । यसको मतलव उत्तरआधुनिकतावादी दार्शनिक आधारले तथ्याङ्कको बहुआयामिक व्याख्या गर्न जोड गर्दछ । सिर्जनात्मकताका आधारमा तथ्याङ्कलाई सङ्गठित ढङ्गले प्रस्तुतीकरण गरी बहुलता र विविधताको प्रतिनिधिका रूपमा प्रस्तुत गर्दछ । उत्तरआधुनिकतावादले तथ्याङ्कको विविधता तथा बहुल आयामलाई आधार बनाएर अध्ययन गर्न जोड गर्ने भएकाले मेरो यस न्यारेटिभ खोज अध्ययनमा पनि सहभागीका विविध किसिमका अनुभूति वा अनुभवलाई अध्ययन गर्नका लागि उपयुक्त आधारका रूपमा भूमिका खेलेको छ । सकारात्मकवादले सहभागीका विविध किसिमका तथ्याङ्कलाई सम्बोधन गर्न नसक्ने भएकाले तथा वर्णनात्मकवादले पनि विविधताको अध्ययन नगर्ने भएकाले यस अध्ययनमा उत्तरआधुनिकतावादी दार्शनिक आधारलाई अपनाइएको छ ।

**न्यारेटिभ खोजको शैली**

गुणात्मक अनुसन्धानमा न्यारेटिभ खोजलाई सहभागीको जीवन्त अनुभवका विभिन्न घटनाहरूको समग्र कथनका रूपमा अपनाइन्छ । न्यारेटिभ खोज विधिले सहभागीको जीवन्त अनुभवलाई अन्वेषण गर्दछ (किम, सन् २०१६) । मानव जीवनका अविस्मरणीय अनुभवको सङ्कलन गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्ने कुरामा न्यारेटिभ खोज केन्द्रित हुन्छ । समाजप्रति सहभागीको बहुआयामिक दृष्टिकोणको विश्लेषण गर्नका लागि न्यारेटिभ खोजको अपेक्षा गरिन्छ । यस अध्ययन विधि वा ढाँचाले अनेकौं थिमको सारका रूपमा सहभागीको जीवनगाथालाई अपनाउँदछ । न्यारेटिभ खोजका विभिन्न प्रकार हुन्छन् । यस अध्ययनमा सहभागीको जीवनगाथा (जीवनी) का आधारमा तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गरिएकाले प्रथम पुरुषीय कथन ढाँचाको प्रयोग गरिएको छ । किनकि, यस अध्ययनमा अपनाइएका अधिकारी (सन् २०२१, पृ.पृ. ७३-७४), ब्रुस र अन्य (सन् २०१६, पृ.पृ.१-६), बास्तोला (सन् २०१८) ले पनि प्रथम पुरुषीय कथन ढाँचाको प्रयोग गरेकाले यस अध्ययनमा पनि प्रथम पुरुष कथन ढाँचाको प्रयोग गरेको छ । तथा अनुसन्धाताको लेखन प्रवेश तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका क्रममा पनि प्रथम पुरुष कथन ढाँचालाई नै अपनाइएको छ ।

**पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा**

***अनुभवजन्य समीक्षा***

अनुभवजन्य कार्यको समीक्षामा शिक्षकको पेसागत विकासमा गरिएका कामलाई समेटेको छ । उक्त समीक्षामा शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७) ले शिक्षकको पेसागत विकास कार्यक्रमको परिचय, सन्दर्भ, औचित्य, विकास प्रक्रिया, अपेक्षित नतिजा र उद्देश्य, विकास मोड्युलको संरचना, टिपिडी आवश्यकता प्रस्ताव तयारी, टिपिडी मोड्युल सामग्री तयारी, कार्यान्वयन कार्यविधि, कार्यान्वयन गुणस्तर एवम् सहजीकरण संयन्त्र तथा बजेट प्रबन्ध एवम् खर्च व्यवस्थाका सम्बन्धमा जस्ता व्यवस्थालाई समेटिएको छ । भट्टराई (सन् २०१०) ले शिक्षा ऐन, नियमावलीले शिक्षकका आचारसंहिता र नैतिकतासम्बन्धी आचरण निर्धारण गरे पनि तिनको उचित परिपालना नभएको निष्कर्ष निकालेका छन् । त्यसैगरी पोखेल (सन् २०१०) ले शिक्षकहरूले विद्यार्थीका समस्या र गुनासा सम्बोधन गर्नेभन्दा पनि छिटो छिटो पाठ्यवस्तु पूरा गर्ने कार्य मात्र गरेको निष्कर्ष निकालेका छन् । बखती (२०७१) को अध्ययनमा शिक्षक तालिम, पेसागत विकास र कार्यमूलक अनुसन्धानबीचको अन्तरसम्बन्धलाई देखाइएको छ । थपलिया (२०७२) ले शिक्षकको पेसागत विकासको अवधारणा, उद्देश्य,

दृष्टिकोणहरू, विकास मोडलको कार्यान्वयन तथा सुधारका मुद्दा र सम्भावित विकल्पका बारेमा सैद्धान्तिक चर्चा गरेका छन् । सापकोटा (सन् २०१६) ले सामाजिक सांस्कृतिक विविधताका आधारमा शिक्षक पहिचानको निरूपणमा आधारित भई शिक्षकलाई विद्यालयमा प्राज्ञिक वातावरणको निर्माणमा कठिनाइ भएको तथा न्यूनतम प्रशासनिक सहयोग समेत प्राप्त नभएको निष्कर्ष निकालेका छन् । यसैगरी सुवेदी (२०७५) ले नेपाली भाषा शिक्षाका शिक्षकको पेसागत विकासका बारेमा अध्ययन गर्दै विभिन्न १० जिल्लाका १०० जना शिक्षकबाट प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरी नेपाली भाषा शिक्षकका पेसागत विकासका आधार निरूपण गर्ने, पेसागत विकासका संस्थागत प्रयासहरू रेखाङ्कन गर्ने र पेसागत विकासमा देखिएका समस्या पहिचान गरी तिनको समाधानका उपाय सुझाउने काम गरेका छन् । पौडेल (२०७६) ले विगतमा भएका अभ्यास तथा सुझावपछि अझै पनि सिक्न सकिएको छैन, शिक्षकको पेसागत विकास भनेको शिक्षककै कार्यसम्पादनमा सुधार ल्याउनु हो भन्दै शिक्षक मासिकमा शिक्षक विकास कार्यक्रमको मूल्याङ्कन गरेका छन् । उनले नेपालका शिक्षकको पेसागत विकास तालिम निरन्तर सञ्चालन भइरहने तर सिकारुको सिकाइ उपलब्धि चाहिँ जस्ताको तस्तै रहने क्रम जारी रहेको तथा शिक्षकले तालिम माग्दैनन् तर पनि सरकार तालिम प्रदान गरिरहेको छ भन्ने आलोचनात्मक मूल्याङ्कन गरेका छन् । तिमल्सेना (सन् २०२०) ले शिक्षकको पेसागत विकासका सम्बद्ध पक्षका बारेमा सैद्धान्तिक चर्चा गरेका छन् । उनको चर्चामा शिक्षकको पेसागत विकासका विशेषता भनी निर्माणवादी सिद्धान्तमा आधारित विशेषता, खास सन्दर्भमा आधारित विशेषता, प्रतिबिम्बात्मक अभ्यासमा आधारित विशेषता, फरकफरक स्वरूप तथा स्थानीयतामा आधारित विशेषता आदिलाई प्रस्तुत गरिएको छ । शिक्षकको पेसागता विकास भनेर पेसागत पक्ष, स्रोतसाधनका पक्ष, संस्थागत पक्ष, वैयक्तिक पक्ष, आर्थिक र बाह्य पक्ष भनी चर्चा गरिएको छ ।

***नीतिगत समीक्षा***

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८०) ले शिक्षक पेसागत विकास प्रारूप (२०८०, परिमार्जित संस्क.) प्रकाशन गर्दै शिक्षक पेसागत विकास प्रारूप, २०७२ ले शिक्षकको पेसागत विकासका लागि खासगरी एक महिने प्रमाणीकरण शिक्षक तालिम र पाँच दिने कस्टमाइज्ड पुनर्ताजगी शिक्षक तालिम, यसको सञ्चालन प्रक्रिया र प्रमाणीकरणलाई समेट्दै विद्यालय क्षेत्र विकास कार्यक्रमको (२०७३ देखि ०७८) को अवधिमा शिक्षक विकासका लागि भन्दै एक शिक्षकले पाउने ३० दिने प्रमाणीकरण तालिम १५/१५ दिन गरेर दुई चरणमा गर्ने, दुई चरणका तालिमलाई १० दिनको पहिलो खण्ड र पाँ दिनको दोस्रो खण्ड गरेर सञ्चालन गर्ने, १० दिनको पहिलो खण्डको तालिम प्रदायक संस्थाबाट आमनेसामने, अनलाइन तथा मिश्रित विधिबाट गर्ने, १० दिनको तालिमपछि शिक्षकले आफ्नो विद्यालय गएर अभ्यास शिक्षण गर्ने र उक्त अभ्यासको प्रतिवेदन तयार गरी तालिम प्रदायक संस्थालाई बुझाउने व्यवस्था गर्‍यो । यसैगरी शिक्षक पेसागत विकासका आधारहरू भनी विषयवस्तुको ज्ञान, शैक्षणिक ज्ञान, सिकारुको ज्ञान, कक्षा व्यवस्थापन, सञ्चार र सहकार्य, निरन्तर सिकाए तथा पेसागत विकास, कानुनी आधार र पेसागत आचारसंहिता तथा सूचनाप्रविधि गरी आठवटा आधारलाई प्रस्तुत गरेको छ । उक्त व्यवस्थामा शिक्षक तालिम विधि, विद्यालयका कार्यकलाप, शिक्षक मेन्टरिङ् तथा तालिममा सहभागी शिक्षकको मूल्याङ्कनका आधार पनि समेटिएको छ ।

***सैद्धान्तिक समीक्षा***

शिक्षकको पेसागत विकास र तालिमका बारेमा सिद्धान्ततः धेरै चर्चा भएका छन् । शिक्षकको पेसागत विकास र यसको अभ्यासका बारेमा हेर्दा पनि यससम्बन्धी प्रभावकारिता विषयक अध्ययनमा चासो दिनुपर्ने देखिएको छ । यद्यपि यससम्बन्धी सैद्धान्तिक पक्षको अध्ययन गर्दा नेपालमा शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२) ले गुणस्तरीय शिक्षाको प्रमुख आधार शिक्षक भएकाले पेसागत रूपमा दक्ष र उच्च उत्प्रेरणा भएका शिक्षकहरूबाट मात्र उपलब्धिमूलक, जीवन्त तथा प्रभावकारी शिक्षण हुन सक्छ भनी गुणस्तरीय शिक्षाको प्रमुख आधार शिक्षकलाई मानेको छ । साथै हेड र टैलर (सन् १९९७) ले शिक्षकलाई आफ्नो पेसालाई स्विकार्ने वा निर्णायक व्यक्ति तथा आत्मनियन्त्रित, अपनत्व, उत्तरदायित्व र सान्दर्भिकताका अभ्यास गर्ने पेसेवर व्यक्तिका रूपमा प्रस्तुत गर्दछ भनी चर्चा गरेका छन् । यसै सन्दर्भमा रिचार्ड्स् र फरेल (सन् २०१०) ले शिक्षक विकासका अपनाउन सकिने कार्यकलाप भनेर चर्चा गरेका छन्

| **व्यक्तिगत क्रियाकलाप** | **आमनेसामने क्रियाकलाप** | **समूहगत क्रियाकलाप** | **संस्थागत क्रियाकलाप** |
|---|---|---|---|
| स्वनियमन गर्ने | सहपाठी प्रशिक्षण | अवस्था अध्ययन | कार्यशाला निर्माण |
| जर्नल, लेख लेखन | सहपाठी अवलोकन | कार्यगत अनुसन्धान | कार्यगत अनुसन्धान |
| आलोचनात्मक विश्लेषणका क्रियाकलापहरू | आलोचनात्मक तथा समीक्षात्मक अभ्यास | जर्नल लेखन | शिक्षण सहयोगी स्वयंसेवक समूह |

| | | | |
|---|---|---|---|
| शिक्षण प्रोफाइल निर्माण | कार्यगत अनुसन्धान | शिक्षण सहयोगी स्वयंसेवक समूह | |
| कार्यगत अनुसन्धान | आलोचनात्मक क्रियाकलापहरु | समूहगत शिक्षण | |

***शिक्षकको न्यारेटिभ खोजका आधारमा शिक्षकको पेसागत विकासको धारणा***

शिक्षकको लामो समयसम्मको कार्यअनुभवका आधारमा नै शिक्षण भनेको एउटा पेसा हो भनी चर्चा गरिएको छ । शिक्षक स्वयम्को कथा कहानीका आधारमा कक्षाकोठामा शिक्षण गर्नु कक्षाकोठामा उत्प्रेरणा जगाउनु हो । शिक्षकले कक्षामा गरेका कामले कुनै न कुनै अर्थ दिएका हुन्छन्, ती कामलाई थप अर्थवान् बनाउन शिक्षक वा अनुसन्धाताकै कहानी वा जीवन्त अनुभवलाई प्रस्तुत गर्नुपर्छ (अल्बाज,सन् १९९१) । यसको मतलव अनुभवी शिक्षकको जीवन्त कहानीले नवप्रवेशी शिक्षकलाई आफ्ना अनुभवलाई समग्रतामा प्रस्तुत गर्ने आँट दिन्छ । अनुभवी शिक्षकसँग ज्ञान, सूचना, सिप तथा शिक्षण कलाको राम्रो सङ्गठन भएको हुन्छ (बास्तोला, सन् २०१८)। शिक्षक पनि विभिन्न पृष्ठभूमिबाट आएको हुन्छ । यसका कारण उसका विभिन्न खालका अनुभव तथा ज्ञानहरू विकास भएका हुन्छन् । एउटा शिक्षकले उसका ज्ञान, विज्ञान, सफलता तथा असफलताका कथा भन्दछ भने त्यो नै नवप्रवेशीका लागि मार्गदर्शन बन्न सक्तछ । नवप्रवेशी शिक्षकले जीवन्त अनुभव बोकेका शिक्षकबाट धेरै कुरा सिक्छ, त्यसअनुसार आफूलाई ढाल्छ र कक्षाकोठामा सिकाइलाई स्थानान्तर गर्दछ (डोमिँगो, सन् २०१३) । अनुभवी शिक्षकको सत्य कहानी वा कथाले वर्तमानलाई स्थानान्तर गर्छ, भविष्यलाई आकार प्रदान गर्छ, र विद्यार्थीको सिकाइलाई विगतभन्दा राम्रो, प्रभावकारी र सिकाइमैत्री बनाइदिन्छ (वेब्स्टर र मेर्टोभा, सन् २००७) । अनुभवी शिक्षकको विगतको कहानीबाट नवप्रवेशी शिक्षकले मार्गदर्शन प्राप्त गर्दछ । उक्त कार्यका आधारमा नै माथिका पूर्वकार्यहरूले शिक्षकको पेसागत विकासका कार्यक्रमले पारेका प्रभावलाई अध्ययन गर्ने ढाँचा बनाइदिएका छन् । सोही पूर्वकार्यका आधारमा मैले पनि यस अध्ययनमा जीवन्त अनुभव बटुलेको शिक्षकका अनुभव तथा आलोचनात्मक सोचाइ र विचारलाई सङ्गठित गरी व्याख्या तथा विश्लेषण गरेको छु ।

**न्यारेटिभ खोज अनुसन्धान विधिको सन्दर्भ**

शिक्षकले आफ्नो कक्षाकोठामा भोगेका वा शिक्षण गर्दा प्राप्त गरेका विगतका अनुभूति र तितामिठा अनुभवलाई कहानीका रूपमा बताउँदछन् । शिक्षकले कक्षाकोठा, शिक्षण तथा अन्य अनुभवलाई आफ्ना कहानीको स्रोत बनाउने भएकाले तथ्याङ्कको स्रोत नै शिक्षक हो भन्न सकिन्छ । अझ यस अध्ययनमा शिक्षकका कथा कहानीले नै समग्र अध्ययनको स्वरूप बनाएका छन् । शिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिता मात्रै होइन शिक्षण सिकाइ गतिविधिमा नै शिक्षकको कथाले महत्त्वपूर्ण भूमिका खेल्दछ । न्यारेटिभ खोजका सन्दर्भमा वेब्स्टर र मेर्टोभा (सन् २००७) ले जाँ पार्ल सार्त्रको कवितालाई प्रस्तुत गरेका छन् :

मानिसहरू सधैं आफ्नो कथा बताउँछन्
ती मानिस सधैं आफ्ना तथा अरुका कथाले घेरिएका हुन्छन्,
तिनीहरू सबै कुरा देख्छन्, सबै कुरा छुन्छन्
ती कथामार्फत् आफूले पाएको जस्तो हुन्छ उनीहरूलाई,
र ती, आफू पनि कथा जस्तै जीवन जिउने प्रयास गर्छन्,
ती मानिसले कथामा र जीवनमा आफूलाई
पुनः पुनः गणना गरेजस्तै जीवन्त बनाउँछन् ।

यस कविताअनुसार पनि के भन्न सकिन्छ भने हरेक शिक्षकसँग एउटा न एउटा कथा रहेको हुन्छ । यदि अनुभवी शिक्षकको कथालाई प्रस्फुटन गर्ने हो भने नवप्रवेशी शिक्षकका लागि अन्तर्ज्ञानकै प्राप्ति हुने छ । गुणात्मक अध्ययनको एक लोकप्रिय विधिका रूपमा पनि अभ्यस्त भएकाले यस न्यारेटिभ खोज विधिलाई व्यक्तिका जीवन कहानीलाई एक संरचनात्मक ढाँचामा भनिएको कहानी वा कथाका रूपमा प्रस्तुत गरिन्छ (पन्त, सन् २०२१, पृ. ३२९) । जस्तै, भाषण, लेखाइका सामग्री, डकुमेन्ट्री वा फिलिम, टिभी, तथा फोटो र चित्रहरूले व्यक्तिका जीवन कहानीलाई बताउन सक्छन् । जोन्सन र स्ट्रेन्सन (सन् २०१४, पृ. ५६९) ले न्यारेटिभ खोजलाई व्यक्तिका जीवन्त कथा तथा अनुभवको अध्ययन गर्ने विधिका रूपमा प्रस्तुत गरेका छन् । यसमा आफ्ना विगतका अनुभवलाई कथाका रूपमा भनिन्छ, सुनाइन्छ र सुनिन्छ । ती कथाहरू भनिसकिएका छैनन्, भनिन बाँकी छन् । तिनै नभनिएका कहानीलाई भनी अनुसन्धाताले लेखेर, सुनेर, सङ्गठित गरेर विश्लेषण गर्ने काम गरेपछि उक्त कथा अनुसन्धानको साँचोमा बस्छ । यस मान्यताले जोड दिने विषय भनेकै व्यक्तिलाई आफ्नो अतीतमा डुब्न र मौलिक वा आफ्नै पारामा आफ्नो अतीतको अनुभव, स्मरण वा तितो, मिठो कहानी सुनाउने विषय हो । उक्त तरिकामा नै व्यक्तिका स्वाभाविक प्रकृतिका अनुभूतिहरू आउँदछन् । त्यसैले शिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिताका बारेमा

विगतदेखि वर्तमानसम्म कस्तो प्रभाव पारेको छ भन्ने कुराको विश्लेषण गर्न उनीहरूको कहानीबाट मद्दत प्राप्त हुन्छ भन्ने ठानी यस अध्ययनमा न्यारेटिभ खोज विधिलाई अपनाएको छु ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनमा वर्णनात्मक तथा उत्तरआधुनिक दार्शनिक पक्षमा आधारित गुणात्मक अध्ययन पद्धतिलाई अपनाएको छु । भाषाशिक्षकमा विगतदेखि वर्तमानसम्मको शिक्षण पेसामा पेसागत विकासका कार्यक्रमले पारेको प्रभावका बारेमा खोज्नका लागि मैले न्यारेटिभ खोज अध्ययन ढाँचाका आधारमा गहन अन्तरवार्ता विधिलाई अपनाएको छु । सामुदायिक विद्यालयमा अध्यापनरत २५ वर्षदेखि काम गरिरहेका प्राथमिक तहका दुई जना नेपाली भाषाशिक्षकलाई सोद्देश्यमूलक नमुना छनोटका आधारमा छनोट गरेको छु । अन्तरवार्ता विधिअनुरूप शिक्षकका कहानीलाई सङ्कलन गर्नका लागि सौहार्द्रपूर्ण वातावरणको निर्माण गरेर शिक्षकसँग अनौपचारिक सम्बन्धको विकास गरिसकेपछि उनीहरूको जीवन्त कहानीलाई रेकर्ड गरेको छु । उक्त अन्तर्वार्तामा गरिएका अडियो सामग्रीलाई लिखित रूपमा उतार परेपछि लिखित तथ्याङ्कलाई कोडिङ् गरी र उद्देश्यका आधारमा थिमको निर्माण गरेपछि थिमेटिक शीर्षकका आधारमा सामग्रीको विश्लेषण गरेको छु । विश्लेषणका क्रमका शिक्षकका कहानीलाई थिमका आधारमा प्रस्तुत गरी शिक्षक नं १ र २ भनी उल्लेख गरेको छु ।

**परिणाम तथा छलफल**

प्रस्तुत लेख न्यारेटिभ खोज अध्ययन ढाँचामा आधारित भएकाले दुई जना शिक्षकको जीवन कहानीमा आधारित थिमेटिक तथ्याङ्कलाई शिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारितासम्बन्धी निर्मित थिमेटिक शीर्षकका आधारमा प्रस्तुत गरी विश्लेषण गरेको छु :

***पेसागत विकासका कार्यक्रमसम्बन्धी शिक्षकको दृष्टिकोण***

> शक्षकले पेसागत विकासका सन्दर्भ सेवाकालीन तालिम पाए । सेवाकालीन तालिमका सन्दर्भमा उनीहरूले शैक्षणिक योजना बनाउन, सामग्री निर्माण तथा प्रयोग गर्न सिके । उक्त तालिमबाट सिकेका कुराले आधारभूत रूपमा शिक्षकलाई सहयोग पुग्यो । सुरुसुरुमा शिक्षकमा धेरै हौसला जाग्यो । धेरैजसो त तालिममा पनि विषयगत ज्ञानसम्बन्धी नै तालिम दिइयो । त्यसका अतिरिक्त शैक्षणिक विधि, मूल्याङ्कन तथा अतिरिक्त क्रियाकलापसम्बन्धी तालिम दिइयो । ती सबै विषय शिक्षकको क्षमता विकास गर्नका लागि उपयुक्त लागेका छन् । हामीले तालिम सकेर घर फर्क्यौँ । विद्यालयको कक्षाकोठा प्रवेश गर्दा भौतिक संरचना अपेक्षित नभएकाले तालिममा सिकेका कुरा कार्यान्वयन गर्न नसकिने अवस्था भयो । सबै शिक्षक मिलेर धेरै प्रयास गर्‍यौँ । स्थानीय स्तर उपलब्ध हुने वस्तुको उपयोग गर्‍यौँ । तर, तालिमको व्यवस्थापन र विद्यालयको व्यवस्थापनमा फरक भएकाले तालिमका कतिपय कुराहरू कक्षाकोठामा स्थानान्तर गर्न नपाउँदै बिस्तारै बिर्सन थालियो । केही विद्यालयहरू सहरी क्षेत्रमा भएकाले अन्यका तुलनामा अलिकति सहज नै भयो होला तर धेरैजसो विद्यालयको भौतिक संरचना कामचलाउ प्रकृतिको भएकाले सुरुका दिनहरू तालिमले कक्षाकोठाका लागि खासै सहयोग पुर्‍याएन । विद्यालयको त्यस किसिमको अवस्था भएकाले अब शिक्षकहरू बिस्तारै अल्छी गर्न थाले । तालिमको प्रयास तालिममा नै सीमित भयो । शिक्षकका बिचको समन्वय भने जारी रह्यो । भाषाको शिक्षकका लागि त झन् कक्षाकोठामा बहुभाषी विद्यार्थी, उनीहरूको बहुस्तर, बहुउमेर आदि भएकाले शिक्षणमा धेरै समस्या सिर्जना भइरह्यो । सबै विद्यार्थीको मातृभाषामा शिक्षण गर्न सहजीकरण भए तापनि सबै भाषा बुझ्न सम्भव पनि थिएन । (शिक्षक नं १ र २)

माथिको थिमेटिक कहानीअनुसार दुवैजना शिक्षकको साझा धारणा नै के थियो भने तालिमले शिक्षकको विषयगत, शैक्षणिक तथा सामाजिक ज्ञानमा धेरै वृद्धि गर्दछ तर कक्षाकोठामा स्थानान्तरण गर्नका लागि त्यस्तै भौतिक सुविधा चाहिने तथा प्रशासक र व्यवस्थापक पनि शिक्षकको पेसागत तथा वैयक्तिक विकासमा सकारात्मक हुनु जरुरी छ । शिक्षकलाई बेलाबेलामा प्रदान गरिने पुनर्ताजगी तालिमले पनि शिक्षकको भेटघाटलाई अद्यावधिक मात्र बनाएको, उक्त पुनर्ताजगी कार्यक्रमले त शिक्षकको अपेक्षा र तालिमको उद्देश्यका बिच रिक्तताको स्थिति ल्याइदियो । शिक्षकको पेसागत विकासका लागि गरिएका कार्यक्रममध्ये तालिम जस्तो क्षमता विकासको कार्यक्रमका लागि आवश्यकताको पहिचान गरिनुपर्ने छ । त्यसपछि मात्र शिक्षकको आवश्यकता र तालिम कार्यक्रमका बिच सम्बन्ध स्थापित भई कक्षाकोठाको मुद्दालाई सम्बोधन गर्न सक्ने शिक्षकको विकास हुन्छ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा मेरो अध्ययनका सहभागीहरू सैद्धान्तिक रूपमा मात्र तालिमप्रति उत्साही रहेछन्, व्यावहारिक रूपमा उत्साहित गर्नका लागि विद्यालयको भौतिक संरचनामा भर परेको देखिन्छ । साथै मेरो अध्ययनले राखेको उद्देश्यअनुसार शिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभाव सैद्धान्तिक रूपमा मात्र परेको देखिएको छ । शिक्षकले आफ्नो पालामा कक्षाकोठामा विद्यार्थी अट्ने डेस्क बेन्च पनि राम्रो खालका नभएकाले तालिममा सिकेका कुरालाई व्यहारमा उतार्न विद्यालयको चौरमा उतार्नुपरेका तिता अनुभव पनि बताएका छन् । हेड र टेलर (सन् १९९८) ले भने जस्तो शिक्षकहरू आफू

केही न केही प्रयास गरेरै भएपनि कक्षाकोठाको मुद्दालाई समाधान गर्दछन् तर त्यो समस्या विभिन्न प्रभावक तत्त्वबाट प्रभावित भएको हुन्छ भन्ने कुरालाई मेरा सहभागीले पनि प्रस्तुत गरेका छन् ।

***पेसागत विकासका कार्यक्रमले पारेको प्रभाव***

पेसागत विकासका कार्यक्रमको प्रभावका बारेमा बनेको यस थिमले तालिम कार्यक्रमपश्चात्को प्रभावलाई देखाएको छ । शिक्षकहरू कति त आफू समानका सिकारुका अघि जान र बोल्न नै नसक्ने खालका हुने, शिक्षकको उक्त हीनताग्रन्थी भने बिस्तारै घट्दै गएको र बिस्तारै आत्मविश्वास बढेको कुरालाई शिक्षकको कहानीका आधारमा यहाँ प्रस्तुत गरेको छु :

> शिक्षकहरूका बिच समन्वय हुन थालेकाले हरेक कुरालाई व्यावसायिक ढङ्गले हेर्न थालियो । विद्यार्थी, कक्षाकोठा, अभिभावक, सहकर्मी, आफ्नो वृत्तिविकास, भौतिक संरचना, आजको आवश्यकता, सूचनाप्रविधिको प्रयोग आदिका बारे विचार, तरिका, ज्ञान आदि साटासट गर्ने बानीको विकास हुन थाल्यो । सामग्री निर्माण र प्रयोग गर्ने सिपको विकास हुन थाल्यो । प्राथमिक तह भएकाले सबै विषयसम्बन्धी विषयगत, विधिगत तथा सामाजिक र प्रविधिगत ज्ञानका अभ्यास गर्ने मौका पाइयो । कक्षाकोठा व्यवस्थापन गर्ने अभ्यासले धेरै मात्रामा कक्षालाई गतिशील बनाउने सिपको विकास भयो । शैक्षणिक योजना बनाउने अभ्यासले विद्यार्थीमैत्री योजना बनाउने अभ्यास हुन थाल्यो । विद्यार्थीको अतिरिक्त क्षमताको विकास गर्नका लागि विद्यालयको क्यालेन्डर निर्माण र प्रयोगसम्बन्धी सिपको विकास भयो । प्रशासन तथा व्यवस्थापनसँग विद्यालयका समस्या, चुनौती तथा वर्तमान मुद्धाका बारेमा विचार साट्न वा आदानप्रदान गर्न बानी बस्यो । यसका कारण विद्यालयमा पनि सिकाइकै वातावरण बनेको पायौँ ।
>
> (शिक्षक नं १ र २)

उपर्युक्त थिमेटिक तथ्याङ्कका आधारमा मेरा सहभागीले तालिममा सक्रियतापूर्वक नै आफू सहभागी भएकाले पेसागत विकासका लागि तालिमजन्य कार्यक्रमले सकारात्मक प्रभाव पारेको बताएका छन् । साथै उक्त कार्यक्रममा सहभागिता जनाइसकेपछि शिक्षकका बिचमा समन्वय हुन थालेको, सामग्री निर्माण तथा प्रयोगमा समन्वय हुन थालेको, शिक्षकका बिचमा टिम वर्क हुन थालेको, कक्षाकोठा व्यवस्थापन गर्ने सिपले कक्षालाई गतिशील बनाउन थालेको तथा विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको सञ्चालन गरी क्षमता विकास गर्न प्रोत्साहन मिलेको आदिमा प्रभाव परेको बताएका छन् । विद्यालयका आन्तरिक कार्यक्रममा पनि सहभागिता जनाई अपनत्वको भावनाको विकास भएको पनि सहभागीले बताएका छन् । साथै उनीहरूले विद्यालयलाई सुधार गर्ने आधार तयार भएको कुरो बताएको देखिन्छ ।

***पेसागत विकासका कार्यक्रमबाट सिर्जित चुनौती***

पेसागत विकासका लागि लक्षित तालिम कार्यक्रममा सहभागी भए तापनि कक्षाकोठामा फर्केपछि धेरैखालका चुनौतीको सामना गर्नुपरेको कुरालाई यस थिममा समेटेको छु । भाषाशिक्षकले बताएका कहानीको साझा थिमका आधारमा उनीहरूले भोगेका चुनौतीलाई यहाँ प्रस्तुत गरेको छु :

> कक्षाकोठा नै एक किसिमको चुनौतीको केन्द्र हो । भाषाशिक्षकका लागि त झन् कक्षाकोठा चुनौती स्थल हो । बहुभाषिक पृष्ठभूमिका विद्यार्थीको मातृभाषालाई सम्बोधन गर्नका लागि सबै मातृभाषाका शिक्षकको उपलब्धता नभएका कारण योजनाबद्ध शिक्षण गर्न चुनौती सिर्जना भएको हो । साथै विद्यार्थी सङ्ख्या धेरै भएको तर शिक्षकको पूरा दरबन्दी नभएका कारण एउटै कक्षामा धेरै विद्यार्थीलाई राखेर पढाउनुपर्ने भएकाले शैक्षणिक योजनाले निर्धारण गरेअनुसार विद्यार्थीलाई पालो दिन पनि नपाइने, कक्षाकोठा व्यवस्थापन गर्न साह्रै समस्या हुने, विद्यार्थीलाई गतिशील बनाउन पनि समस्या हुने, तथा विद्यार्थीको पृष्ठभूमि पनि अलिक कमजोर भएका अवस्थामा त किताब, कापी तथा कलमविहीन विद्यार्थीलाई कक्षामा सम्बोधन गर्न अत्यन्तै चुनौती भएको थियो । अझ नेपाली भाषा राम्रोसँग नबुझ्ने विद्यार्थीलाई सिकाउनका लागि उसकै भाषालाई सन्दर्भपरक ढङ्गले सम्बोधन गर्न चुनौती देखा पर्‍यो ।
>
> तालिम तथा गोष्ठीहरूमा सूचना प्रविधिसमेतको शिक्षणको अभ्यास गरिए तापनि शिक्षकलाई कुन प्रविधि वा सूचना कसरी प्रयोग गर्ने, कतिखेर प्रयोग गर्ने, कहाँ पाइन्छ भन्ने जानकारी नै नभएपछि सूचना प्रविधिसहितको शिक्षण गर्न चुनौती आइपर्‍यो । विद्यालयको कक्षाकोठामा बिजुली पनि नहुँदा त झन् प्रविधिको कुनै अनुमानै हुन्नथ्यो । रेडियो चाहिँ देखाउन सम्म सकेका थियौँ । टिभीलाई चलाउनका लागि कार्यालयमा ल्याएर देखाएका थियौँ । कम्प्युटर ल्याएपछि उक्त सामग्री चलाउन नजान्ने भएकाले प्रविधि प्रयोगमा अन्यौल भएको थियो । सूचनाको प्रयोग भने कहिलेकाहीँ गरियो । पत्रपत्रिका तथा यसो पुस्तकालय र गाउँका वडा कार्यालयका वडापत्रहरूको प्रयोग गर्न सिकाउन विद्यालयबाहिर लगेर विद्यार्थीलाई सिकाइएको थियो । कतिपय कुरामा प्रशासनले सहयोग नगरेकाले आफूले बनाएर ल्याएको सामग्री प्रयोग नै नगरी घर लगिएको अवस्था थियो । स्थानीय स्तरमा कुनै पनि सामग्री उत्पादन नहुने अवस्थामा त जैविकसम्बन्धी सामग्री पाउनै समस्या हुन्थ्यो । तथापि आजभोलि त शिक्षणमा धेरै कुराको उपलब्धता भएको देखिन्छ ।

(शिक्षक नं १ र २)

माथिको तथ्याङ्क हेर्दा मेरा सहभागीले आफ्नो शिक्षणका सन्दर्भमा धेरै चुनौती भोग्नुपरेको देखिन्छ । पेसागत विकासको तालिमपश्चात् शिक्षकमा जागरुपता आएको तर विद्यालयमा कार्यान्वयन गर्नका लागि चुनौती देखापरेको बताएका छन् । सहभागीको साझा धारणा नै के हो भने, विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन छैन, कक्षाकोठामा धेरै विद्यार्थी छन्, थोरै शिक्षक छन्, एउटै शिक्षकले सबै विषय पढाउनुपरेको अवस्था छ भने त्यो तालिमको कार्यान्वयन छायाँमा परेको हो भन्ने बताइएको छ । साथै उनीहरूले स्थानीय स्तरमा उपलब्ध भएका सामग्री प्रयोग गर्न पनि प्रशासनले सहयोग नगरेको, त्यसैले शिक्षकको पेसागत विकासका सन्दर्भमा शिक्षक आफैँले केही न केही प्रयास गर्नुपर्छ भन्ने मान्यतामा सबै पक्ष जोडिने देखिएको छ । विद्यार्थीले साझा नेपाली भाषा पनि बोल्न नजान्दा सिकाउन चुनौती सिर्जना भएको तथा विद्यार्थीको कमजोर पृष्ठभूमिका कारण कापी, किताब आदिको व्यवस्थापन गर्न गाहारो भएको कुरो पनि देखिन्छ । तसर्थ, शिक्षकले तालिम लिए तापनि आफ्नो जीवनकालमा विद्यालयको व्यवस्थापनले ध्यान नदिएका कारण तालिमको प्रभावकारितामा नराम्रो असर पर्ने देखिएको छ ।

***पेसागत विकासका कार्यक्रमले दिएको समाधान***

शिक्षकले तालिम लिएपछि कक्षाकोठामा देखिने समस्या समाधानका लागि मदत पुगेको कुरो पनि सहभागीले बताएका छन् । उनीहरूको कहानीअनुसार तालिमले व्यक्तिलाई परिपक्व बनाउँछ भन्ने देखिएको छ । उक्त कुराको थिमलाई यहाँ प्रस्तुत गरेको छु :

> तालिमले व्यक्तिलाई निखार्छ भन्ने कुरा सावित भएको छ । तालिम लिन थालेपछि आफूमा विषयगत ज्ञान पनि बढ्न थालेको, शैक्षणिक ज्ञानमा पनि परिवर्तन हुन थालेको, सूचना प्रविधिसम्बन्धी अलिअलि चासो हुन थालेको छ । साथीभाइहरूसँग सोध्ने बानी बस्न थालेको छ, बेलाबेलामा मोबाइलमा पनि आफूलाई शङ्का लागेका कुरा खोलेर हेर्न थालिएको छ । सरकारले प्रदान गरेका विभिन्न मोडेलका तालिमहरूका स्मरण गरेर आजभोलि अलिअलि कार्यान्वयन हुँदैगएका छन् । कक्षाकोठाको व्यवस्थापनलाई थिमका आधारमा गर्दा शिक्षण गर्न सजिलो भएको, विद्यार्थीको मूल्याङ्कन उनीहरूकै समूहबाट गर्दा विद्यार्थीमा प्रतिष्पर्धाको भावना विकास भएको छ । आफूभन्दा पछि आएका नयाँ ताजा अध्ययन गरेर आएका नवप्रवेशी सहकर्मीसँग पनि नवीन प्रविधिको ज्ञान साटासाट गर्ने मौका मिलेको छ । साथै, विद्यालयमा नयाँ खालका खेलहरू खेलाउँदा विद्यार्थीहरूमा सामूहिक भावनाको विकास भएको छ तथा हामी शिक्षकमा पनि एकआपसको आपसी निर्भरताको सम्बन्धको विकास भएको छ ।
>
> (शिक्षक नं १ र २)

माथिको तथ्याङ्कअनुसार मेरा सहभागीको शिक्षण पेसामा तालिम जस्ता पेसागत कार्यक्रमको प्रभाव परेको देखिन्छ । तालिममा सिकेका आधारमा कक्षाकोठा व्यवस्थापनमा सजिलो भएको, बेलाबेलामा सूचना प्रविधिमा पनि ध्यान जान थालेकाले आफ्नो अन्यौल विषयका लागि अरुलाई पर्खिनु परेको अवस्था छैन । समुदायको ज्ञानमा आधारित शिक्षण सिकाइले विद्यार्थी तथा शिक्षकलाई पनि अपनत्वको भावनाको विकास गरेको उल्लेख गरेका छन् । विद्यार्थीलाई नयाँ खालका खेल खेलाउँदा उनीहरूमा फरक खालको स्फूर्ति जागेको बताएका छन् । तालिमपश्चात् शिक्षकलाई विद्यालयको भौतिक संरचनाले भने प्रत्यक्ष असर पारेको कुरा हरेक थिमको तथ्याङ्कमा दोहोरिएको देखिन्छ ।

**प्राप्ति तथा निष्कर्ष**

मेरो अनुसन्धानका सहभागीले आफ्नो पेसागत विकासका लागि सञ्चालन गरिएका कार्यक्रमले आफ्नो पेसामा प्रभाव पारेको कुरालाई स्विकारेका छन् । शिक्षकको पेसागत विकासका लागि तालिम जस्ता विभिन्न कार्यक्रमले विभिन्न क्षेत्रमा सहयोग पुर्‍याएको पाइएको छ । शिक्षकले लामो समयसम्म शिक्षण गर्दैगर्दा विद्यार्थीको पृष्ठभूमिमा विविधता, भाषिक विविधता, क्षमतामा विविधता, रुचिमा विविधता, विद्यालयको भौतिक संरचना, शिक्षक सहकर्मीका बिचको समन्वय, प्रविधिजन्य सामग्रीको प्रयोगसम्बन्धी ज्ञान तथा व्यवस्थापन र प्रशासनको समन्वय जस्ता कुराहरू शिक्षकको पेसागत विकासमा जोडिन्छन् । साथै, शिक्षकको पेसागत विकासका लागि लक्षित कार्यक्रम पनि शिक्षकको वैयक्तिक तथा संस्थागत विकास गरी दुई तरिकाले विकास भएका पनि देखिन्छन् । धेरैजसो कार्यक्रमहरू शिक्षकको वैयक्तिक विकासका लागि भएको देखिन्छ । पेसागत विकासका कार्यक्रम र विद्यालयको भौतिक अवस्थाका बिच तालमेल नमिलेकाले पनि धेरैजसो चुनौती आएको देखिएको छ ।

शिक्षक स्वयम्ले पनि पेसागत विकासका लागि विभिन्न कार्यक्रमहरूको आवश्यकता अपरिहार्य रहेको बताएका छन् । कतै कक्षाकोठाको बहुभाषिकता तथा कतै विद्यार्थी सङ्ख्या र शिक्षकको सङ्ख्यामा तालमेल नमिल्नु आदि समस्या पनि देखिएका छन्, जसलाई समाधान गर्नका लागि शिक्षक तालिम तथा शिक्षक स्वयम्ले भन्दा पनि सरकारी नीतिले नै सम्बोधन गर्नुपर्दछ । कतिपय स्थानमा सामग्रीको उपलब्धता हुँदैन, त्यस्ता अवस्थामा शिक्षकको विकासका लागि कार्यक्रममात्र सञ्चालन

गरेर हुँदैन, त्यस्ता अवस्थामा सामग्रीको विकास, प्रयोग, उपलब्धता तथा तयारी सामग्रीको आपूर्ति गरेर भए पनि तालिमजन्य कार्यक्रमलाई कक्षाकोठासम्म पुर्‍याउनु पर्दछ ।

पेसागत विकासका कार्यक्रमको प्रभावकारिताका लागि मेन्टरिङ् वा मोनिटरिङ्, कार्यसम्पादन मूल्याङ्कनहरूको सम्बन्ध वृत्ति विकास र नतिजा विकाससँग जोड्ने नीति भएमा शिक्षकको वृत्तिविकास सँगसँगै पेसागत विकास हुने तथा कक्षाकोठाको सिकाइको स्तरमा परिवर्तन हुनेमा विश्वास गर्न सकिन्छ । सक्षम शिक्षक बन्नका लागि मेरा सहभागीले आफ्नो समकालीन, सहकर्मी, अनुभवी तथा विषयविज्ञसँग पनि सम्पर्क गरेका छन्, समन्वय गरेका छन् । व्यवस्थापन, प्रशासन तथा कार्यक्रमका बिचमा समन्वय नहुँदा शिक्षकको सबलता छायाँमा परेको छ । सक्षम शिक्षक बन्नका लागि विषयगत ज्ञान, शैक्षणिक ज्ञान तथा सूचना प्रविधिजन्य ज्ञानको आवश्यकता पर्ने आजको अवस्थामा सूचना प्रविधिका लागि धेरैमात्रामा भौतिक संरचनाको निर्माण आवश्यक रहेको देखिएको छ । शिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावलाई विभिन्न कोणबाट हेर्दा र मेरा सहभागीको अनुभवले बताएअनुसार सकारात्मक प्रभाव परेको देखिएको छ । यसको सम्बन्ध शिक्षाको गुणस्तर विकाससँग भएकाले यससम्बन्धी वस्तुगत अध्ययन गरी शिक्षकको पेसागत विकासका रूपमा विद्यालय शिक्षाको सुधार गर्नुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**


अधिकारी, सूर्यप्रसाद (सन् २०२१), रिभिलिङ् द स्टोरी अफ एन इन्डिभिजुअल थ्रो न्यारेटिभ इन्क्वायरी : अ मेथडोलोजिकल रिभ्यू, *इन्टरडिस्प्लिनरी रिसर्च इन एजुकेसन,* भोल.६ (१), पृ.पृ.७१-८० ।

कुमार, रञ्जित (सन् २०१४), *रिसर्च मेथोडोलोजी* (तेस्रो संस्क), सेज ।

कोहेन, लुइस, म्यानियन, लौरेन्स र मोरिन्सन, कैथ (सन् २०१८), *रिसर्च मेथड्स् इन एजुकेसन* (आठौं संस्क.), रुटलेज ।

क्रस्वेल, जे. डब्लु. (सन् २००५), *एजुकेसनल रिसर्च : प्लानिङ्, कन्डक्टिङ्, एन्ड इभालुएटिङ् क्वान्टिटेटिभ एन्ड क्वालिटेटिभ रिसर्च,* अपर स्याडल रिभर, न्यू जर्सी ।

क्रस्वेल, जे. डब्लु. र क्रस्वेल, डि.जे. (सन् २०२३), *रिसर्च डिजाइन : क्वान्टिटेटिभ, क्वालिटेटिभ एन्ड मिक्स् अप्रोचेज* (छैठौं संस्क.), सेज ।

क्राफ्ट, ए.(सन् १९९६), *कन्टिन्युइङ् प्रोफेसनल डेभलपमेन्ट : अ प्राक्टिकल गाइड फर टिचर्स एन्ड स्कुल्ज्,* रुटलेज फेमर ।

गरेट, एम.एस.बिर्मन, बि.एफ. एन्ड युन, के.एस.(सन् २००१), वाट मेक्स् प्रफेनसल डेभलपमेन्ट एफेक्टिभ ? रिजल्ट्स् फम अ नेसनल स्याम्पल अफ टिचर्स, *अमेरिकन एजुकेसनल रिसर्च जर्नल,* भोल.३८, ४, पृ.पृ.९१५–९४५ ।

जोन्सन, बुर्के आर., क्राइस्टेन्सन, ल्यारी (सन् २०१३), *एजुकेसनल रिसर्च : क्वालिटेटिभ, क्वान्टिटेटिभ एन्ड मिक्स्ड मेथोड्स्* (पाँचौं संस्क.), सेज ।

डार्लिङ्, ह्यामोन्ड, एल.हाइदर, एम.इ.गार्डनर, एम.(सन् २०१७), *एफेक्टिभ टिचर प्रोफेसनल डेभलेपमेन्ट,* पालो अल्टो, सिए ।

डोमिँगो, सि.इ.(सन् २०१३), रिफ्लेक्टिभ प्राक्टिसेस एज अ मेकानिज्म फर प्रोफेसनलिज्म डेभलपमेन्ट : अ न्यारेटिभ इन्क्वायरी : एन अनपब्लिस्ड मास्टर्स डेजर्टेसन : स्टेलेन्बोस्क युनिभर्सिटी ।

तिमल्सेना, शिव प्रसाद (सन् २०२०), शिक्षकको पेसागत विकासको अवधारणा र यसका सम्बद्ध पक्ष, *Interdisciplinary Research in Education*, *5* (1&2), 169-186.

थपलिया, तुलसीप्रसाद (२०७२), नेपालमा शिक्षकको पेसागत विकास मोडल, *शिक्षक शिक्षा,* वर्ष १३, १३, पृ.पृ. २-१८, शैक्षिक जनशक्ति विकास केन्द्र ।

देदी, चैपमैन (सन् १९९६), इमर्जिङ टेक्नोलोजिकल आयन्ड डिसट्रिब्युटेड लर्निङ्, *अमेरिकन जर्नल अफ डिस्टेन्स् एजुकेसन,* १०,२/४, पृ.३६ ।

नेपाल सरकार (२०८०), *शिक्षक पेसागत विकास प्रारूप* (दोस्रो संस्क.), शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

पेन्डिभाइल, पेट्रिसिया (सन् २००४), *डेभलपिङ् फेसिलिटेसन स्किल्स् : अ हेन्डबुक फर ग्रुप फेसिलिटेटर्स,* कम्ब्याट पोभर्टी एजेन्सी ।

पोखरेल, टि.आर.(सन् २०१०), क्रिटिकल थिन्किङ् प्राक्टिसेज इन म्याथमेटिक्स् क्लासरुम इन नेपाल, एन अनपब्लिस्ड एमफिल डेजर्टेसन, स्कुल अफ एजुकेसन ।

बकालिया, एल. (सन् २०१२), *रिसर्च मेथोडोजी,* विले इस्टर्न लिमिटेड ।

बखती, प्रमिला (२०७१), शिक्षक तालिम, पेसागत विकास र कार्यमूलक अनुसन्धानबीच अन्तरसम्बन्ध, *शिक्षक शिक्षा,* पृ.पृ. ३०-३६ ।

बस्रि, एस.डब्लु., एलनडेजनी, ए.ज., एन्ड अल्मादानी, एम.एफ.(सन् २००८), *आइसिटी एडप्सन एम्प्याक्ट अन स्टुडेन्ट्स, एकाडेमिक पर्फर्मेन्स् : इभिडेन्स् फम आउदी युनिभर्सिटीज,* २६, ३, पृ.पृ.३३-४३ ।

बैगन, टोम.चे (सन् २०१७), द एक्स्टेन्ट अफ आइसिटी इन्टेग्रेसन इन पब्लिक सेकेन्डरी स्कुल मेनेजमेन्ट आयन्ड द स्टेकहोल्डर्स पर्सेप्सन अन द युजफुलनेस अफ द टेक्नोलोजी इन नैरोबी कन्ट्री केन्या, केन्या युनिभर्सिटी ।

बास्तोला, जि.के.(सन् २०१८), कन्टेन्ट नलेज एज अ पेडागोजिकल क्यापिटल : नेल्टा इएलटी फोरम, https://neltaeltforum.wordpress.com/2018/09/01/

ब्रुक्स्, एन्ने र अन्य (सन् २०१६, जनवरी), न्यारेटिभ रिसर्च इभल्भिङ् : इभल्भिङ् थ्रो न्यारेटिभ रिसर्च, *इन्टरनेसनल जर्नल अफ क्वालिटेटिभ मेथड्स,* पृ.पृ.१-६,https://doi.org/: 10.1177/1609406916659292 ijqm.sagepub.com

भट्टराई, पि.सि.(सन् २०१०), इथिक्स् अफ टिचर्स आइडेन्टिटी इन नेपलिज पब्लिक स्कुल्स्, एन अनपब्लिस्ड एमफिल डेजर्टेसन, स्कुल अफ एजुकेसन ।

भण्डारी, पारसमणि, पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७६), *अनुसन्धान विधि* (दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

मार्को, पि., र बोर्ने, पि.इ.(सम्पा.) (सन् २०१३), *प्लस कम्पुट बायल,* ९, पिएमसि, ३७१५४४३ ।

युसुफ, एम.ओ. (सन् २००५), इन्फर्मेसन आयन्ड कम्युनिकेसन टेक्नोलोजी आयन्ड एजुकेसन : एनालाइजिङ् दि नाइजेरियन नेसनल पोलिसी फः इन्फर्मेसन टेक्नोलोजी, *इन्टरनेसनल एजुकेसनल जर्नल,* ६, ३, पृ.पृ.३१६-३२१ ।

राथेश्वरी, के. (सन् २०१८), इन्फर्मेसन कम्युनिकेसन टेक्नोलोजी इन एजुकेसन, *जर्नल अफ अप्लाइड आयन्ड एड्भान्स्ड रिसर्च डेभलपमेन्ट अफ भेलु एजुकेसन* ।

रावल, एम.आर.(सन् २०१४), युज अफ आइसिटी इन इङ्लिस लैङ्वेज टिचिङ्, *इन्टरनेसनल जर्नल अफ रिसर्च इन अल सब्जेक्ट्स इन मल्टी लैङ्वैजेज,* २/२, पृ.पृ.२१-२४ ।

रिउहर्न, एस.(सन् २०१८), राइटिङ् योर सक्सेसफुल लिटेरेचर रिभ्यु, *जर्नल अफ ज्योग्राफी इन हाइयर एजुकेसन,* ४२, पृ.पृ.१४३–१४७ ।

रिचार्डस्, जे. आयन्ड फरेल, टि. (सन् २००५), *प्रफेसनल डेभलपमेन्ट फर लैङ्वेज टिचर्स,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

रैमर्स भिलेगास, इ.(सन् २००३), *टिचर प्रोफेसनल डेभलपमेन्ट : एन इन्टरनेसनल रिभ्यु अफ द लिटरेचर,* युनेस्को, इन्टरनेसनल इन्स्टिच्युड फर एजुकेसनल प्लानिङ् ।

वालवर्क, एड्रियन (सन् २०११), *इङ्लिस फर राइटिङ् रिसर्च पेपर्स,* स्प्रिङ्गर ।

वेब्स्टर, एल. र मेर्टोभा, पि.(सन् २००७), *युजिङ् न्यारेटिभ इन्क्वायरी एज अ मेथोड,* रुटलेज ।

सापकोटा, भिमप्रसाद (जेठ २४, २०७७), शिक्षक साथीहरू पेसागत विकासतिर लाग्ने कि ?, *एजुकेसन पाटी ।*

सिरिसिला, स्रुतिका (जुलाइ २५, सन् २०२३), रोल अफ एन एब्स्ट्राक्ट इन रिसर्च पेपर विथ एक्जाम्पल्स्,

सुवेदी, कृष्णप्रसाद (२०७५), नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका आधारहरूको अध्ययन, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, कीर्तिपुर ।

सेसाइल, बादेन्होर्स्ट (सन् २०१८), साइटेसन प्राक्टिसेस अफ पोस्टग्राजुएट स्टुडेन्ट्स् राइटिङ् लिटरेचर रिभ्युज, *लन्डरिभ्यु अफ एजुकेसन,* https://doi.org/10.18546/LRE.16.1.11.

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७), *शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका - २०६६,* आफैं ।

शैक्षिक जनशक्ति विकास केन्द्र (सन् २०११), *ह्वेर आर वी नाउ' ?,* आफैं ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), *शिक्षक सक्षमताको प्रारूप-२०७२,* आफैं ।

हेड, के.आयन्ड टैलर, पि. (सन् १९९७), *रिडिङ्स् इन टिचर डेभलपमेन्ट,* अक्स्फर्ड हैलमैन ।